# गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०७८

## गजुरी गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०७८

**प्रस्तावना :** गजुरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा २ वमोजिम गजुरी गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम आर्थिक ऐन २०७८ रहेको छ ।

२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि गजुरी गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२) सम्पति करः** गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले तोके वमोजिमको सम्पतिको मुल्यांकनमा अनुसूची १ वमोजिम सम्पति कर लगाईने र असुल उपर गरिनेछ । यो कर लगाईसकेपछि भुमिकर लगाईने र असुल उपर गरिनेछैन ।

स्पष्टिकरण : सम्पत्ती कर निर्धारण गर्दा घर र घरले चर्चेको बरावरको थप जग्गा सम्झनु पर्ने छ ।

**३) घरजग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले अनुसुची २ बमोजिम वहाल कर लगाईनेछ र असुल उपर गरिनेछ ।

**४) व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ३ वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

**५) वहाल विरौटी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेका हाटवजार वा पसलमा वा सरकारी जग्गाहरुमा वनेका संरचनाहरुको उपयोग वापत वार्षिक रुपमा अनुसूची ४ वमोजिम को दरले वहाल विटौरी कर लगाईने र असुल उपर गरिनेछ ।

**६) सेवाशुल्क :** गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ५ मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**७) विज्ञापन करः** १) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ को उपदफा १ ग तथा बागमति प्रदेशको आर्थिक ऐनको दफा ५ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका क्षेत्रभित्र राखिने होडिङवोर्ड,साईनवोर्ड,व्यानर,ट्राइभिजन वोर्ड,ग्लो वोर्ड,स्टल,डिजिटल वोर्ड,धातुको फ्रेम वा कुनै स्थानमा लेख्ने वा विद्युतिय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापन मा अनुसूची ६ वमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

२) संकलित करको चालिस प्रतिशत (४० %) रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

३) *विज्ञापन करको प्रशासन तथा संकलन गजुरी गाउँपालिकाले गर्नेछ ।*

**८) बिक्री शुल्क** १) वागमति प्रदेशको आर्थिक विधेयक २०७८ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी गजुरी गाउँपालिका क्षेत्रभित्र अनुसूची ७ मा उल्लेखित दरमा बिक्री शुल्क लगाईने र असुल उपर गरिनेछ ।

२) संकलित करको चालिस प्रतिशत (४० %) रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

३) बिक्री शुल्कको प्रशासन तथा संकलन गजुरी गाउँपालिकाले गर्नेछ ।

९) **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनूसूचि ८ मा उल्लेखित करमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१०) **स्थानीय स्रोत उपयोग मर्मत शुल्क** : गाउँपालिका आफैंले निर्णय गरी सञ्चालन गरेको सडकहरुमा अनूसूचि ९ मा उल्लेखित दरमा स्थानीय स्रोत उपयोग मर्मत शुल्क लगाईनेछ ।

११) **मालपोत कर** : गाउँपालिका क्षेत्रभित्र अनूसूची १० मा तोकिएबमोजिमको दर रेटमा मालपोत कर असुलउपर गरिएको छ ।

**अनुसूची १**
**दफा २ संग सम्बन्धित**
**सम्पत्ति कर**

हाल घर र घरले चर्चेको जमिनमा सम्पक्ति कर लगाउँदा निम्न अनुसार वर्गिकरण गरी गर्ने ।

**घर/टहर मुल्याङ्कन गर्ने आधार**

| घरको प्रकार | ईकाइ | प्रति फ्लोर एरिया प्रति स्क्वायर घरको मुल्य |
|---|---|---|
| क. आर.सि.सि.फ्रेम स्टक्चर | प्रति स्क्वायर फिट | १५०० |
| ख. सिमेन्ट जोडाईमा माटोवा ढुङ्गाको गाह्रो आर सि सि छाना | प्रति स्क्वायर फिट | १,००० |
| ग. माटोको जोडाइमा ईटा वा ढुङ्गाको गाह्रो - आर सि.सि.वा सिमेन्ट जोडाईमा ईटा वा ढुङ्गाको गारो जस्ता/टायलको छानो | प्रति स्क्वायर फिट | ५०० |
| घ. माटोको जोडाईमा ईटा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | प्रति स्क्वायर फिट | ३०० |
| ङ सेड वा कच्चीघर | प्रति स्क्वायर फिट | १०० |

उपरोक्त अनुसार घरहरुको वर्गिकरण गरी घरको मुल्याङ्न गरी सम्पक्ति कर लगाउन गर्ने । आगामी आ.ब.०७८/७९ मा उपरोक्त अनुसार मुल्याङ्कन गर्दा ह्रास कट्टी नगरिने ।

**घरको मुल्य निर्धारण गर्ने सुत्र : घरको कुल क्षेत्रफल(जम्मा फ्लोर एरिया) ×प्रति स्क्वायर फिट लागत**

**सम्पत्तिक र : (घर, टहरा छप्पर, सेडमा असुल गर्ने सम्पत्ति कर)**

| मुल्याङक्न रकम रु. सम्म | मुल्याङक्न रकम रु. सम्म | सम्पक्ति कर प्रतिलाख) |
|---|---|---|
| | ३० लाख सम्म | ५/- |
| ३० लाख १ देखि | ५० लाख | १० /- |
| ५० लाख १ देखि | १ करोड | १५ /- |
| १ करोड १ देखि | २ करोड | २० |
| २ करोड १ देखि | ३ करोड | २५ |
| ३ करोड १ देखि | ५ करोड | ३० |

**अनुसूची ३**

**दफा ४ सग सम्बन्धित**

**व्यवसाय कर**

गांउपालिकाबाट आ.ब. ०७८/७९ मा असुल गर्ने कर, सेवा शुल्क र दस्तुरहरुको दररेट

**१. गाउंपालिकाको कार्यालयले सेवा उपलब्ध गराए बापत आफैले उठाउने कर, दस्तुरको दर :**

| **१.१** | **गाउंपालिकाको क्षेत्रभित्र रहेका विभिन्न उद्योग/व्यवसायमा गा.पा.बाट लगाउने व्यवसाय करको दर :** | | |
|---|---|---|---|
| **क्र.स.** | **माल बस्तु हरुको नाम** | **इकाई** | **व्यवसाय करको दर** |
| [redacted] | | | |
| १ | ग्यास उद्योग | वार्षिक | १००,००० |
| २ | ईटा उद्योग (माटो तथा अन्य ) | वार्षिक | १००,००० |
| [redacted] | | | |
| १ | क्रसर उद्योग ३०० kve Transformer जडीत | बार्षिक प्रती पलान्ट | ८०,००० |
| २ | क्रसर उद्योग ३०० kve देखी ५०० kva सम्मको Transformer जडीत | बार्षिक प्रती पलान्ट | १००,००० |
| ३ | क्रसर उद्योग ५०० kve भन्दा माथीको Transformer जडीत | बार्षिक प्रती पलान्ट | १५०,००० |
| ४ | हपर वासिङ | बार्षिक प्रती पलान्ट | ७५,००० |
| ५ | फिरफिरे | बार्षिक प्रती पलान्ट | ५०,००० |
| [redacted] | | | |
| १.२ | **खानी तथा भूर्गभ बिभागमा दर्ता भएका खानीहरु तथा गाउंपालिकामा दर्ता भएका खानीहरु बाट लिईने गांउंपालिकाको शूल्क र नवीकरण दस्तूर :** | | |
| १ | चूनढूङ्गाको हकमा खानी तथा भूगर्भ बिभागमा बूझाएको १२ प्रतिशतको रकमको गांउपालिका ले पाउने रकम | वार्षिक शुल्क | १० प्रतिशत |
| २ | बालुवा खानी तथा ढङ्गा खानी अनूमति दस्तूर | बार्षिक शुल्क | १,५०,०००।०० |
| ३ | बालूवा खानी तथा ढङ्गा खानी नवीकरण दस्तूर | बार्षिक शुल्क | १००,०००।०० |
| ४ | बालूवा खानी तथा ढङ्गा खानी नामसारी दस्तूर | बार्षिक शुल्क | १२५,०००।०० |
| ५ | अनुमति प्राप्त खनिज पदार्थ उत्खनन, खोजतलास उद्योग | बार्षिक | १५०,००० |
| ५ | साधारण ढुङाको रोयल्टी | प्रति घन मिटर | २५।०० |
| ६ | स्ल्याव स्टोन रोयल्टी | प्रति वर्ग मिटर | २०।०० |

| | | | |
|---|---|---|---|
| १ | ५० कि.वा. भन्दा कम | वार्षिक | ५,००० |
| २ | ५० कि.वा. भन्दा बढी | वार्षिक | २०,००० |
| **हाईड्रो पावर कम्पनी** | | | |
| १ | क. एक मेगा वाट सम्म (बार्षिक) | | १००,००० |
| २ | ख. एक मेगा वाट भन्दा ठूलो क्षमताको | | २००,००० |
| **इ्याक्री उद्योग** | | | |
| १ | मासिक ५० हजार वटा सम्म चल्ला उत्पादन गर्ने उद्योग | बार्षिक | ५,००० |
| २ | मासिक ५० हजार भन्दा बढी १ लाख सम्म चल्ला उत्पादन गर्ने उद्योग | बार्षिक | १०,००० |
| ३ | मासिक १ लख भन्दा बढी चल्ला उत्पादन गर्ने उद्योग | वार्षिक | २०,००० |
| **पोल्ट्री फर्म (बोईलर)** | | | |
| १ | वार्षिक ३००० गोटा कुखुरा पालन गर्ने | बार्षिक | १,००० |
| २ | वार्षिक ३ हजार देखि ५ हजार गोटा कुखुरा पालन गर्ने | बार्षिक | १,५०० |
| ३ | वार्षिक ५ हजार देखि १० हजार सम्म कुखुरा पालन गर्ने | बार्षिक | ३,००० |
| ४ | वार्षिक १० हजार भन्दा बढी कुखुरापालन गर्ने | बार्षिक | ५,००० |
| **पोल्ट्री फर्म (प्यारेन्टर्स/लेयर्स)** | | | |
| १ | बार्षिक ३००० हजार सम्म कुखुरापालन गर्ने फर्म | बार्षिक | १,५०० |
| २ | बार्षिक ३ हजार देखि ५ हजार सम्म कुखुरापालन गर्ने फर्म | वार्षिक | २,००० |
| ३ | बार्षिक ५ हजार देखि १० हजार सम्म कुखुरापालन गर्ने फर्म | बार्षिक | ४,००० |
| ४ | बार्षिक १० हजार देखि २० हजार सम्म कुखुरापालन गर्ने फर्म | बार्षिक | ५,००० |
| ५ | बार्षिक २० हजार भन्दा बढी कुखुरापालन गर्ने फर्म | बार्षिक | ७,००० |
| ६ | व्यवसायिक हासपालन गर्ने फर्म | बार्षिक | १,००० |
| **गाई भैसी फार्म** | | | |
| १ | दश वटा सम्म गाईपालन गर्ने फार्म | वार्षिक | ५०० |
| २ | दश वटा भन्दा बढी गाईपालन गर्ने फाम | बार्षिक | १,००० |
| **व्यवसायीक बाख्रा फार्म** | | | |
| १ | पचास वटा सम्म बाखा पालन गर्ने फार्म | वार्षिक | ५०० |
| २ | पचास भन्दा बढी बाखापालन गर्ने फार्म | वार्षिक | १,००० |

| | | | |
|---|---|---|---|
| **बजार क्षेत्रका होटल व्यवसाय (मदिरा बिक्री नगर्ने)** | | | |
| १ | मिष्ठान्न पसल | वार्षिक | १००० |
| २ | खाना, खाजा, चिया | वार्षिक | १,००० |
| ३ | चिया खाजा मात्र | वार्षिक | ५०० |
| **ग्रामीण क्षेत्रमा संचालित साना होटल** | | | |
| १ | खाना, खाजा र मदिरा र हल्का पेय पदार्थ बिक्री गर्ने | वार्षिक | १,००० |
| २ | चिया,खाजा, हल्का पेय पदार्थ बिक्री गर्ने | वार्षिक | ५०० |
| **होटल ,लज,गेष्ठहाउस, टेन्ट हाउस, क्याटरिङ** | | | |
| १ | ५ कोठा वा १० बेड भन्दा कमको लज (५ कोठा सम्म) | वार्षिक | २,००० |
| २ | १० कोठा वा दश वेड भन्दा बढी कोठा भएको लज | वार्षिक | ३,००० |
| ३ | टेन्ट हाउस र क्याटरिक मात्र संचालित | वार्षिक | २,५०० |
| ४ | टेन्ट हाउस मात्र | वार्षिक | १,५०० |
| **हाडवेयर,ग्यास,किराना,मदिरा,विद्युत लगायत थोक तथा खुद्रा बिक्रि** | | | |
| १ | रड, सिमेन्ट, टायलका थोक विक्रेता | वार्षिक | २५,००० |
| २ | रड, सिमेन्ट, टायलका खुद्रा विक्रेता | वार्षिक | १५,००० |
| ३ | हाडवेयर पसल थोक | वार्षिक | १०,००० |
| ४ | हाडवेयर पसल खुद्रा | वार्षिक | ७,००० |
| ५ | फिटिङ्स सामानका विक्रेता (धारा बाथरुम) | वार्षिक | ५,००० |
| ६ | ग्यासका थोक विक्रेता | वार्षिक | ३,००० |
| ७ | ग्यास शिलिण्डर विक्रेता | वार्षिक | १,००० |
| ८ | वितरक विक्रेता (सवै प्रकारका) | वार्षिक | ४,००० |
| ९ | किराना सामानका थोक विक्रेता | वार्षिक | ४,००० |
| १० | स्टेशनरी पसल थोक बिक्रेता | वार्षिक | २,००० |
| ११ | मदिराका थोक डिलर | वार्षिक | ५,००० |
| १२ | मदिराका खुद्रा विक्रेता | वार्षिक | १,५०० |
| १३ | आयुर्वेद औषधी पसल | वार्षिक | ५०० |
| १४ | हल्का पेय पदार्थ थोक विक्रेता | वार्षिक | ३,००० |

| | | | |
|---|---|---|---|
| ६ | टि.भि. फ्रिज बिक्री | वार्षिक | ३,००० |
| ७ | टि.भि. फ्रिज मर्मत | वार्षिक | १,००० |
| ८ | मोबाइल टेलिफोन क्यालकुलेटर, घडी, क्यासेट, अडियो, भिडिया बिक्री | वार्षिक | २,००० |
| ९ | मोबाइल टेलिफाने क्यालकुलेटर, घडी, क्यासेट, अडियो, भिडिया मर्मत | वार्षिक | १,००० |
| | **जुत्ता चप्पल पसल** | | |
| १ | जुत्ता चप्पल पसल थोक विक्रेता | वार्षिक | २,००० |
| २ | जुत्ता चप्पल पसल थोक विक्रेता | वार्षिक | १,००० |
| ३ | किराना पसल खुद्रा बिक्रेता | वार्षिक | १,००० |
| ४ | भाडाकुडा विक्री पसल (माटो बाहेक) | वार्षिक | १,५०० |
| ५ | माटोका भाँडाकुडा पसल | वार्षिक | ५०० |
| ६ | फेन्सी पसल | वार्षिक | २,००० |
| ७ | गिफट पसल | वार्षिक | १,००० |
| ८ | पान तथा गुड्खा पसल | वार्षिक | ५०० |
| ९ | डाई क्लिनर्स | | ५०० |
| १० | सिनेमा हल | | १०,००० |
| ११ | आर्ट व्यवसाय | वार्षिक | १,००० |
| १२ | फोटो स्टुडियो | वार्षिक | ५०० |
| १३ | प्लाई तथा सिसा पसल | वार्षिक | २,००० |
| १४ | फर्निचर तथा फनिसिङ्ग | वार्षिक | २,००० |
| १५ | साइकल, रिक्सा, छाता, कुकर समेत मर्मत | वार्षिक | ५०० |
| १६ | मोटर साइकल विक्री (रिकण्डिसन समेत) | वार्षिक | ५,००० |
| १७ | मोटर साइकल मर्मत | वार्षिक | ३,००० |
| १८ | अटोमेकानिकल कम्पनीका आधिकारीक सेवा केन्द्र | वार्षिक | २०,००० |
| १९ | अटोमेकानिकल (बस, ट्रक,कार जिप, टेक्टर (व्यापारीक) पार्टस् विक्री | वार्षिक | १५,००० |
| २० | अटोमेकानिकल (बस,कार जिप, टेक्टर पार्टस् मर्मत | वार्षिक | ५,००० |
| २१ | हाते ट्याक्टर (कृषि कामको लागि) विक्री | वार्षिक | ३,००० |
| २२ | टायर बिक्री | वार्षिक | २,००० |

| | | | |
|---|---|---|---|
| ६ | सिरक डसना वनाउने तथा थान कपडा, कपास विक्री | वार्षिक | २,००० |
| ७ | डेरी उद्योग (दुध तथा दुग्ध जन्य अन्य पदार्थ) | वार्षिक | १,५०० |
| | **माछा मासु र अण्डा पसल** | | |
| १ | दैनिक ५० किलो भन्दा कम मासु विक्री गर्ने | वार्षिक | १,००० |
| २ | दैनिक ५० किलो भन्दा बढी १०० किलो भन्दा कम विक्री गर्ने | वार्षिक | २,००० |
| ३ | दैनिक १०० किलो भन्दा मासु विक्री गर्ने | वार्षिक | ३,००० |
| ४ | अण्डा पसल | वार्षिक | ५०० |
| ५ | चटपटे पसल | वार्षिक | ५०० |
| ६ | इटा, रोडा, वालुवा खुद्रा विक्रेता | वार्षिक | ५,००० |
| ७ | डिजिटल केवल तथा इन्टरनेट प्रसारण | वार्षिक | ३,००० |
| ८ | फोटोकपी, फ्याक्स, लेमिनेशन, व्याण्डिङ, कुरियर | वार्षिक | ५०० |
| ९ | कम्प्युटर, ड्राइभिङ तथा अन्य इन्टिच्युट | वार्षिक | १,००० |
| १० | डिजिटल छापाखाना, छापाखाना | वार्षिक | ३,००० |
| ११ | साइवर,नेट,फोन सेवा (कम्युनिकेशन सेवा) | वार्षिक | ५०० |
| | **निर्माण व्यावसायी** | | |
| १ | क श्रेणी | वार्षिक | १५,००० |
| २ | ख श्रेणी | वार्षिक | १०,००० |
| ३ | ग श्रेणी | वार्षिक | ७,००० |
| ४ | घ श्रेणी | वार्षिक | ५,००० |
| | **अन्य विविध** | | |
| १ | रासायनिक मल, विउ विजन, किटनाशक औषधी विक्री भेटेनरी समेत | वार्षिक | २,००० |
| २ | मेशिनरी समान बिक्री (मोटर जेनेरेटर आदि क श्रेणी) | वार्षिक | ५,००० |
| ३ | मेशिनरी समान बिक्री (मोटर जेनेरेटर आदि ख श्रेणी) | वार्षिक | ३,००० |
| ४ | कृषि उपकरण मर्मत तथा विक्रि | वार्षिक | ५०० |
| ५ | ट्रान्सपोर्ट सेवा | वार्षिक | २,००० |
| ६ | टुर एण्ड ट्राभल्स सेवा | वार्षिक | २,००० |
| ७ | रेमिट्यान्स तथा मनी चेन्जर सेवा | वार्षिक | ३,००० |

**अनुसूची ५**

**दफा ६ संग सम्बन्धित**

**सेवा शुल्क**

| सि.नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| **सार्वजनिक शौचालय प्रयोग शुल्क** | | | |
| १ | दिशा गरेको | पटके | १०.०० |
| २ | पिसाब गरेको | पटके | ५.०० |
| ३ | स्नान गरेको | पटके | ५०.०० |
| **सरसफाई तथा फोहोरमैला व्यवस्थापन शुल्क** | | | |
| १ | होटल व्यवसाय | मासिक | ५००.०० |
| २ | तरकारी तथा फलफुल व्यवसाय | मासिक | ४००.०० |
| ३ | अस्पताल र नर्सिङ होम | मासिक | ५००.०० |
| ४ | शिक्षण संस्था (नीजि तर्फ) | मासिक | ५००.०० |
| ५ | सरकारी कार्यालय/शिक्षण संस्था | मासिक | २००.०० |
| ६ | गैर सरकारी कार्यालयहरु | मासिक | ३००.०० |
| ७ | निजी घर (भाडा लगाएको) | मासिक | २००.०० |
| | निजी घर पसल समेत आफ्नै भएको | मासिक | २५०.०० |
| ८ | निजी घर | मासिक | १००.०० |
| ९ | अन्य पसलहरु | मासिक | २००.०० |
| १० | उद्योग | मासिक | ५००.०० |
| ११ | माछा/मासु पसल | मासिक | ४००.०० |
| १२ | मोटर साईकल/साईकल वर्कशप | मासिक | ५००.०० |
| १३ | पोल्ट्री फर्म | मासिक | ५००.०० |
| ***अन्य सेवा शुल्कहरु*** | | | |
| २ | डिजिटल तथा अन्य नापी सेवा शुल्क | प्रति कित्ता पटक | ५००.०० |
| ३ | थप कित्ता भए | थप प्रति कित्ता पटक | १००.०० |
| ४ | अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क | प्रतिशत | ०.१% |
| **व्यक्तिगत घटना दर्ता** | | | |
| १ | प्रमाणपत्र दस्तुर (३६ दिनदेखी माथि) | | २००.०० |
| २ | प्रमाणपत्रको प्रतिलिपि | | ५००.०० |
| ३ | ढ्डा हेरे वापत | | २००.०० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३ | अन्य सबै जग्गाहरु | पटक | २००.०० |
| ४ | विर्ता जग्गा नामासारी | पटक | ५००.०० |
| ५ | जोत छोडपत्र र नाम कट्टा | पटक | २००.०० |
| ६ | गुठी जग्गा राज गुठीमा र रैकर नम्वरीमा परिणत दर्ता नामसारी | पटक | ५००.०० |
| ७ | स्ववासी जग्गाको हक परिणत | पटक | ३००.०० |
| ८ | स्ववासी जग्गाको हक परिणत घर भए प्रति घर थप | पटक | २००.०० |
| ९ | छुट दर्ताको सिफारिस | पटक | ५००.०० |
| **चार किल्ला प्रमाणित** | | | |
| १ | राष्ट्रिय राजमार्ग(पृथ्विको राजमार्ग) र पक्की पिच सडकसंग जोडिएको जग्गाहरु | पटक | ५००.०० |
| २ | कच्ची मोटरवाटो भएका जग्गाहरु | पटक | ३००.०० |
| ३ | अन्य सबै जग्गा | पटक | २००.०० |
| ४ | चार किल्ला प्रमाणित उद्योग र होटल जुनसुकै वडाको | पटक | १,०००.०० |
| ५ | अपुतालि सिफारिस | पटक | ५००.०० |
| ६ | मोही लगत कट्टा सिफारिस | पटक | २००.०० |
| ७ | मोही नामसारी सिफारिस | पटक | २००.०० |
| ८ | घर वाटो सिफारिस | एक मात्र कित्ताको | ५००.०० |
| ९ | थप कित्ता भएमा | थप प्रति कित्ता | १००.०० |
| १० | फिल्ड नक्सांकन ५ कि.मी सम्म | पटक | ५०० |
| ११ | फिल्ड नक्सांकन १० कि.मी सम्म | पटक | १००० |
| १२ | फिल्ड नक्सांकन १० कि.मी देखी माथी | पटक | १५०० |
| **उद्योग दर्ता सिफारिस** | | | |
| १ | दश लाख सम्म पुजी लगानी हुनेमा | पटक | १,०००.०० |
| २ | दश लाख भन्दा माथिको पुजी लगानी हुनेमा प्रती लाख थपमा | पटक | १००.०० |
| ३ | डिलरसिप सिफारिस | पटक | ५००.०० |
| ४ | व्यवसाय दर्ता सिफारिस रु एक लाख देखि पाँचलाख सम्मको पुजी लगानी हुनेमा | पटक | ५००.०० |
| ५ | व्यवसाय दर्ता सिफारिस पाँचलाख भन्दा माथिको पुजी लगानी हुनेमा प्रती लाख थपमा | पटक | ५०.०० |
| **धारा विजुली जडान सिफारिस दस्तुर** | | | |
| १ | धारा विजुली जडान सिफारिस | पटक | २००.०० |
| २ | धारा विजुली नामसारी सिफरिस | पटक | २००.०० |
| **घर व्लक नम्वर दस्तुर** | | | |
| १ | घर व्लक नंम्वर (नयाँ) | पटक | १००.०० |

**अनुसूची ६**

**दफा ७ संग सम्बन्धित**

**विज्ञापन कर**

| **सि.नं** | **विवरण** | **प्रति एकाई** | **तोकिएको दर** |
|---|---|---|---|
| | **विज्ञापन कर (गाउँपालिकाले निषेधित गरेको क्षेत्रमा वाहेक)** | | |
| १ | होर्डिङ वोर्ड १२ स्क्वायर फिट सम्म | वार्षिक | १०००.०० |
| २ | होर्डिङ वोर्ड १२ स्क्वायर फिट भन्दा माथि ३० स्क्वायर फिट सम्म | वार्षिक | १,५००.०० |
| ३ | होर्डिङ वोर्ड ३० स्क्वायर फिट भन्दा माथि प्रति स्क्वायर फिट | वार्षिक | ५०.०० |
| ४ | भित्ते लेखन प्रति स्क्वायर फिट | वार्षिक | २०.०० |
| ५ | व्यानर १२ स्क्वायर फिट सम्म प्रति व्यानर | वार्षिक | ३०.०० |
| ६ | व्यानर १२ स्क्वायर फिट भन्दा माथि प्रति ब्यानर | वार्षिक | ४०.०० |
| ७ | पोलमा राख्ने वोर्ड ९ स्क्वायर फिट सम्म (सो भन्दा माथि राख्न नपाईने) बार्षिक | वार्षिक | ७००.०० |
| ८ | फ्लेक्स वोर्ड (व्यापार व्यवसाय) १२ स्क्वायर फिटसम्म (पसल बाहिरका) वार्षिक | वार्षिक | १०००.०० |
| ९ | फ्लेक्स वोर्ड (व्यापार व्यवसाय) १२ स्क्वायर फिट माथि(पसल वाहिरका) वार्षिक | वार्षिक | १,५००.०० |
| १० | पोलमा राख्ने वोर्ड वढीमा ६ स्क्वायर फिट सम्मको प्रति एकको वार्षिक | वार्षिक | ५००.०० |
| | **मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापनमा ५० प्रतिशत थप गरी विज्ञापनकर असूल गरिने छ ।** | | |

**अनुसूची १०**

**दफा ११ संग सम्बन्धित**

**मालपोत कर**

गाउँपालिका क्षेत्रमा मूल्याङकीत रकमा प्रति रोपनी ०.०१ % दरले मालपोत कर लाग्नेछ ।

मालपोत कर प्रयाजनको लागि जग्गाको मूल्याङकन तपशील बमोजिम हुने छ ।

**१. गजुरी गाउँपालिका वडा नं १,२,र ३ (साविक गजुरी गा.वि.स)**

क) वडा नं. १ (क), १(ख), १(ख) पृथ्वी राजमार्गको केन्द्र विन्दुबाट ५० मिटर भित्र पर्ने घडेरी प्रयोजनमा आउने दायाँ बायाँको जग्गाहरु

प्रति रोपनी रु. ७२,००,०००।

ख) गजुरी गा.वि.स वडा नं. २(क),२(ङ),२(च),२(छ), पृथ्वी राजमार्गको केन्द्रविन्दुबाट ५० मि. भित्र पर्ने घडेरी प्रयोजनमा आउने दाया बायाँ जग्गाहरु

प्रति रोपनी रु ४५,००,०००।

ग) गजुरी गा.वि.स वडा नं. १(क) बजार क्षेत्र पृथ्वीराजमार्गबाट दक्षिण तथा उत्तर तर्फ खुलेको निजी प्लटिङ भित्रका कच्ची सडकको दाया बायाँ जग्गाहरु

प्रति रोपनी रु ३६,००,०००।

घ) पृथ्वीराजमार्गको नक्सा नं. १ख,२ङ,२च बजार तथा आसपास क्षेत्रको भित्री शाखा सडक तथा निजी प्लटिङ भित्रको घडेरी योग्य जग्गाहरु

प्रति रोपनी रु २०,००,०००।

ङ) गजुरी बजारबाट उत्तर तर्फ नोवेल ग्यास उद्योग सम्मजाने कच्ची मोटरबाटोको दाया बायाको जग्गाहरु

प्रति रोपनी रु २०,००,०००।

च) गजुरी हाई स्कुलबाट कुम्पुर चामडाँडा जाने झोलुङगेपुल सम्मको कच्ची मोटरबाटोको दाया बायाको जग्गाहरु

प्रति रोपनी रु १५,००,०००।

छ) गजुरी गा.वि.स वडा नं. १च,छ बजार क्षेत्रभित्र कच्ची मोटरबोटोको दायाँ बाँयाको जग्गाहरु

प्रति रोपनी रु.१५,००,०००।

ज) गजुरी गा.वि.स वडा नं. २क कच्ची शाखा सडकको दायाबायाको जग्गाहरु

प्रति रोपनी रु.१५,००,०००।

झ) अन्य कच्ची मोटरबोटोले छोएको दायाँ बाँयाका जग्गाहरु

प्रति रोपनी रु.८,५०,०००।

ञ) मलेखु ताल्ती भण्डारा सडक

प्रति रोपनी रु.१२,००,०००।

ट) गोरेटो बाटो वडा नं. १,२ ले छोएको दायाँ बाँयाको जग्गाहरु

प्रति रोपनी रु.३,५०,०००।

**२. गजुरी गाउँपालिका वडा नं ४,५,र ६ (सा.वि.क पिडा गा.वि.स)**

क) पिडा गा.वि.स वडा नं. १ (क), १(ग), २(ङ) २(छ),२(झ) मा पर्ने पृथ्वी राजमार्गको केन्द्र विन्दुबाट ५० मिटर भित्र पर्ने घडेरी प्रयोजनमा आउने दायाँ बायाँको जग्गाहरु

प्रति रोपनी रु. ३२,००,०००।

ख) पिडा गा.वि.स वडा नं. १ (क), १(ग), २(ङ) २(छ),२(झ) मा पर्ने पृथ्वी राजमार्गको केन्द्र विन्दुबाट ५० मिटर बजार तथा आसपास क्षेत्रका भित्री शाखा सडक निजी प्लटिङका घडेरी प्रयोजनमा आउने दायाँ बायाँको जग्गाहरु

प्रति रोपनी रु. १५,००,०००।

ग) आदमघाट लिस्नेफेदी सन्दरनागी सडकमा पर्न आउने दायाँ बायाँको जग्गाहरु

प्रति रोपनी रु. ८,५०,०००।

घ) घाटबेशी साडीखोला मानेभञ्ज्याङ देउराली सडक

प्रति रोपनी रु. ७,००,०००।

ङ) अन्य कच्ची मोटरबाटोले छोएका दाया बायाका जग्गाहरु

प्रति रोपनी रु. ७,००,०००।

च) गोरेटो बाटोले छोएको दाया बायाका जग्गाहरु

प्रति रोपनी रु. २,५०,०००।

छ) अन्य जग्गाहरु साविक पिडा गा.वि.स को वडा नं.१ देखि ५ सम्म

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | १,०५,०००। | ७७,०००। | ६६,०००। | ३९,०००। |
| पाखा | ५०,०००। | ३९,०००। | ३३,०००। | २५,०००। |

ज) अन्य जग्गाहरु वडा नं.६,७,८ र ९ सम्म

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ५३,०००। | ४४,०००। | ३३,०००। | २५,०००। |
| पाखा | २५,०००। | २१,०००। | १८,०००। | १२,०००। |